# कोशी प्रदेशको आर्थिक बुलेटिन

**वर्ष-२, अंक-११, आ.व.२०८२/८३** **फाल्गुन, २०८२**


कोशी प्रदेश सरकारको चालु आ.व.२०८२/८३ को **फाल्गुन मसान्तसम्मको** समग्र आय-व्ययको विवरण समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ। गत आर्थिक वर्षको फाल्गुन महिनासम्ममा कुल विनियोजनको ३४.९ प्रतिशत खर्च भएको थियो भने चालु आर्थिक वर्षको फाल्गुन महिनासम्ममा कुल विनियोजनको २३.९१ प्रतिशत मात्र खर्च भएको छ। गत वर्षको तुलनामा फाल्गुन मसान्तसम्ममा संघबाट प्रदेशलाई प्राप्त हुने अनुदानको वार्षिक लक्ष्यको ६०.५३ प्रतिशत प्राप्त भएको थियो भने चालु आर्थिक वर्षमा सोही समयको अवधिमा ५६.१६ प्रतिशतमात्र प्राप्त भएको छ। त्यसैगरी आन्तरिक राजस्वमा गत वर्षको फाल्गुन महिनासम्मको तुलनामा चालु आर्थिक वर्षमा १.९४ प्रतिशतले कमी भएको छ।

## कोशी प्रदेशको सरकारी खर्च

१. चालु आ.व.२०८२/८३ को **फाल्गुन महिनासम्म** वार्षिक विनियोजनको तुलनामा कुल खर्च, चालु खर्च र पूँजीगत खर्चको प्रगति प्रतिशत देहाय अनुसार रहेको छः-

| चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | कुल खर्च |
|---|---|---|---|
| २६.०९% | १६.८४% | ४३.६०% | २३.९१% |

**चार्ट (क)- तीन आर्थिक वर्षको फाल्गुन मसान्तसम्मको खर्चको अवस्था (रकम रु.लाखमा)**




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

२. आर्थिक वर्ष २०८२/८३ को फाल्गुन महिनासम्म जम्मा रु.८ अर्ब ५९ करोड २३ लाख खर्च भएको छ। कुल खर्च मध्ये पूँजीगत खर्च रु.२ अर्ब ८८ करोड ५४ लाख र चालु खर्च रु.३ अर्ब ६४ करोड ८९ लाख रहेको छ।

**तालिका (क)- पछिल्लो तीनवर्षको फाल्गुन महिनासम्मको खर्चको तुलनात्मक स्थिति (रु.लाखमा)**

| बजेट शीर्षक | आ.व.२०८०/८१ | | | चालु आ.व.२०८१/८२ | | | चालु आ.व.२०८२/८३ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति |
| चालु खर्च | १२७२२५ | ४८१४० | ३७.८% | १४०९४८ | ५५५२८ | ३९.४% | १३९८७४ | ३६४८९ | २६.०९% |
| पूँजीगत खर्च | २०४१२१ | ४५३०७ | २२.२% | १६५२७४ | ४५१५२ | २७.३% | १७१३३० | २८८५४ | १६.८४% |
| वित्तीय व्यवस्था | १०० | ० | - | २०० | ० | - | १००० | ० | ० |
| स्थानीय तह अनुदान | ३६७४५ | १७६३४ | ४८.०% | ४६३७१ | २२४९० | ४८.५% | ४७१९६ | २०५८० | ४३.६०% |
| **कुल खर्च** | **३६८१९१** | **१११०८१** | **३०.२%** | **३५२७९३** | **१२३१७०** | **३४.९%** | **३५९३९९** | **८५९२३** | **२३.९१%** |

*स्रोत:-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

३. चालु आ.व.२०८२/८३ को फाल्गुन महिनासम्मको कुल खर्चमध्ये सबैभन्दा बढी असोज महिनामा रु.१ अर्ब ९४ करोड ३७ लाख खर्च भएको छ, भने सबै भन्दा कम श्रावण महिनामा रु.८ करोड २८ लाख खर्च भएको छ।

**तालिका (ख) आ.व.२०८२/८३ फाल्गुनसम्मको मासिक खर्चको विवरण (रु.लाखमा)**

| महिना/शीर्षक | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | मासिक जम्मा | मासिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| श्रावण | ८१२ | १६ | ० | ८२८ | १.०% |
| भदौ | ५४५४ | १३४१ | ११९५ | ७९९० | ९.३% |
| असोज | ६७०६ | ५५१८ | ७२१३ | १९४३७ | २२.६% |
| कार्तिक | २९३९ | १४४६ | ३१८ | ४७०३ | ५.५% |
| मंसीर | ४७७७ | ३३६५ | ३७२९ | ११८७१ | १३.८% |
| पुष | ६२६७ | ५३५१ | ३९७७ | १५५९५ | १८.१% |
| माघ | ४३२१ | ५९३३ | १३३६ | ११५८९ | १३.५% |
| फाल्गुन | ५२१३ | ५८८५ | २८१२ | १३९१० | १६.२% |
| फाल्गुनसम्मको जम्मा | ३६४८९ | २८८५४ | २०५८० | ८५९२३ | १००.०% |

*स्रोत:-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

## कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

४. आ.व.२०८२/८३ फाल्गुन मसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत रु.९ अर्ब ६० करोड ९३ लाख (**वार्षिक लक्ष्यको ५२.७%**) राजस्व संकलन वा प्राप्ति भएको छ। यसैगरी संघ अनुदानको जम्मा रु.८ अर्ब १४ करोड ४७ लाख (**वार्षिक लक्ष्यको ५६.२%**) निकासा प्राप्त भएको छ।

५. चालु आ.व.को फाल्गुन मसान्तसम्म राजस्व र अनुदान गरी जम्मा रु.१७ अर्ब ७५ करोड ४० लाख रकम प्रदेश सञ्चित कोषमा प्राप्ति भएको छ।

**तालिका (ग)- पछिल्लो तीन आ.व.को (फाल्गुन सम्मको) राजस्व तथा अनुदान प्राप्तिको विवरण (रु.लाखमा)**

| आय शीर्षक | २०८०/८१ फाल्गुन सम्मको प्राप्ति | २०८१/८२ फाल्गुन सम्मको प्राप्ति | चालु आ.व.२०८२/८३ | | | गत आ.व.को तुलनामा वृद्धि |
|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | फाल्गुन सम्मको प्राप्ति | प्राप्ति प्रतिशत | |
| संघीय राजस्व बाँडफाँट (VAT, अन्तःशुल्क र रोयल्टी) | ६२०५६ | ६५६५१ | **१२७४६६** | ७२३१५ | ५६.७३% | १०.१५% |
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट प्राप्त हुने समेत) | २१८५७ | २७३७७ | **५५०००** | २३७७८ | ४३.२३% | -१३.१५% |
| संघ वित्तीय समानीकरण अनुदान | ४८९५४ | ६३५६८ | **८९८३४** | ६३२७० | ७०.४३% | -०.४७% |
| संघ सशर्त अनुदान | ३४६१२ | १४९९२ | **४५७१०** | १६१६१ | ३५.३६% | ७.८०% |
| संघ समपूरक अनुदान | ४८१८ | ४३२३ | **३९१७** | १२९३ | ३३.००% | -७०.१०% |
| संघ विशेष अनुदान | ४०२६ | ५१४८ | **५५७२** | ७२३ | १२.९८% | -८५.९५% |
| **जम्मा** | **१७६३२३** | **१८१०५९** | **३२७४९९** | **१७७५४०** | **५४.२१%** | **-१.९४%** |

**नोटः नगद मौज्दात रु. ३ अर्ब १३ करोड समेत चालु आ.व. २०८२/८३ को कुल आय अनुमान रु. ३५ अर्ब ८७ करोड ९९ लाख रहेको छ।**

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

६. चालु आ.व.२०८२/८३ को फाल्गुन मसान्तसम्म संघीय राजस्व बाँडफाँट र आन्तरिक राजस्वको शीर्षकगत रुपमा मासिक राजस्व प्राप्तिको विवरण समेत तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका (घ)- आ.व.२०८२/८३ को फाल्गुनसम्म राजस्व सङ्कलनको मासिक विवरण (रु.लाखमा)**


| महिना/ शीर्षक | संघीय राजस्व बाँडफाँट | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | अनुमतिपत्र, यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | शुल्क/दस्तुर/ जरिवाना | जम्मा मासिक राजस्व |
|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण** | ० | ० | ० | ५६५ | ७२ | २४ | ३६ | १७२ | **८६९** |
| **भदौ** | ८८०१ | ११२७ | ९६ | ४५१ | ७६ | ४७ | ४ | २०६ | **१०८०८** |
| **असोज** | ८१४२ | ९३६ | १००५ | ७७ | ४६ | १९ | १५ | ८९ | **१०३३०** |
| **कात्तिक** | १८१९२ | ३३८ | ११७९ | २९३ | ४८ | १०५ | १७ | २३१ | **२०४०३** |
| **मंसिर** | ८६२२ | १६७२ | १०२७ | ७१६ | ६१ | ६५ | ५ | २९० | **१२४५८** |
| **पुष** | ८९८४ | १७०२ | ७७३ | ८२७ | ६४ | ४४ | २७८ | ७९६ | **१३४६८** |
| **माघ** | १०३२५ | १७८३ | १६२८ | ७३२ | ४९ | २९० | ३९९ | ३४५ | **१५५५१** |
| **फाल्गुन** | ९२४८ | १३६७ | २२० | ५२० | ३० | ७० | २३२ | ५२१ | **१२२०९** |
| **फागुनसम्मको जम्मा** | **७२३१५** | **८९२५** | **५९२८** | **४१८१** | **४४६** | **६६४** | **९८७** | **२६४८** | **९६०९३** |
| **वार्षिक लक्ष्य** | **१२७४६६** | **१८४००** | **१५०००** | **८०००** | **९००** | **३३००** | **५०२६** | **४३७४** | **१८२४६६** |
| **चालु आ.व. फाल्गुन सम्मको प्रगति** | **५६.७३%** | **४८.५१%** | **३९.५२%** | **५२.२६%** | **४९.५१%** | **२०.१२%** | **१९.६३%** | **६०.५३%** | **५२.६६%** |
| **गत आ.व. फाल्गुन सम्मको प्राप्ति** | **६५६५१** | **९३०४** | **५२७७** | **४२८२** | **५८५** | **३७३५** | **१४३६** | **२७५८** | **९३०२८** |
| **वृद्धि प्रतिशत** | **१०.१५%** | **-४.०७%** | **१२.३४%** | **-२.३५%** | **-२३.८२%** | **-८२.२२%** | **-३१.३०%** | **-४.००%** | **३.२९%** |

**(*स्थानीय तहबाट प्राप्त राजस्व अन्तरगत दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)**

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

७. गत आ.व.को फाल्गुनसम्मको तुलनामा चालु आ.व.को फाल्गुनसम्म प्रदेशको आन्तरिक राजस्वमा १३.१ प्रतिशतले कमी आएको छ। आन्तरिक राजस्व तर्फ घर जग्गा रजिष्ट्रेशन बाहेक सबै शीर्षकमा अघिल्लो वर्षको तुलनामा कमी आएको छ।

**चार्ट (ख)- तीन आर्थिक वर्षको फाल्गुन महिनासम्मको आन्तरिक राजस्व सङ्कलनको अवस्था (रकम रु.लाखमा)**




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

<u>**सम्पादन तथा प्रकाशन**</u>

**कोशी प्रदेश सरकार**

## आर्थिक मामिला तथा योजना मन्त्रालय

(वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा)